# त्रियुगा नगरपालिकाको

# नदीजन्य खनिज तथा खानीजन्य पदार्थ व्यवस्थित गर्ने कार्यविधि

# २०७६

कार्यपालिकाबाट स्वीकृत मिति :- २०७६।९।१४ गते

# त्रियुगा नगरपालिकाको नदीजन्य खनिज तथा खानीजन्य पदार्थ व्यवस्थित गर्ने कार्यविधि-२०७६

प्रमाणिकरणमितिः २०७६/०९/१४

प्रस्तावना

त्रियुगा नगरपालिकाको वातावरणीय पक्षमा प्रतिकूल प्रभाव नपर्ने गरी यस नगर क्षेत्र भित्रको ढुंगा, गिट्टी, बालुवा,माटो लगायतका खानी तथा खनिज स्रोतहरुको संरक्षण, सर्वेक्षण, उत्खनन,संकलन प्रशोधन, ओसारपसार, बिक्री वितरणलाई व्यवस्थित गर्दै त्रियुगा नगरपालिकाको सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राखी यस क्षेत्रको विकास र समृद्धिमा टेवा पुऱ्याउनका लागि खानी तथा खनिज पदार्थ सम्वन्धी व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११(२ प) को कार्यान्वयनको लागि त्रियुगा नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "त्रियुगा नगरपालिकाको नदीजन्य तथाखानीजन्य खनिज पदार्थ व्यवस्थित गर्ने कार्यविधि-२०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "खनिज पदार्थ" भन्नाले जमीनको सतह वा सतहभित्र पाइने ढुंगा, गिट्टी, बालुवा, स्लेट एवं माटोजन्यसाधारण निर्माणमुखीखानीजनन्य पदार्थ सम्झनु पर्छ ।

(ख) "ढुङ्गा र माटोजन्य पदार्थ"भन्नाले उत्खनन्गर्न अनुमति भएको नदी,बगर वा खानीक्षेत्रबाट संकलन र उत्खननगर्दा निस्कने रोडा, ढुङ्गा,गिट्टी,बालुवा, स्लेट, मिस्कट,पाँगो, भरुवा र माटो समेतलाई सम्झनु पर्छ।

(ग) "नदीजन्य पदार्थ"भन्नाले नदी वा नदी किनारबाट उत्खनन् गरिएको ढुङ्गा, गिट्टी, वालुवा र माटोजन्य पदार्थलाई सम्झनु पर्छ र सो शब्दले दहत्तरवहत्तर वस्तुलाई समेत जनाउने छ।

(घ) "खानीजन्यपदार्थ" भन्नाले खानीबाट उत्खनन् गरिएको चट्टान, ढुङ्गा, गिट्टी, वालुवा र माटोजन्य पदार्थलाई सम्झनु पर्छ।

(ङ) "उत्खनन् कार्य" भन्नाले खनिज पदार्थको उत्खनन्, उत्पादन, शुद्धिकरण, प्रशोधन, ढुवानी, संचय वा बिक्री वितरण गर्ने प्रयोजनका लागि ओसार पसार गर्ने कार्य सम्झनुपर्छ।

(२) नगरपालिकाको अनुमति नलिई कसैले पनि खनिज पदार्थ सम्बन्धी कार्य गर्न गराउन हुँदैन।

(३) यस कार्यविधिको अधीनमा रही नगरपालिकाले खनिज कार्य आफैंले गर्ने वा अरु कुनै व्यक्ति, फर्म वा कम्पनीलाई अनुमति दिई गराउन सक्नेछ।

(४) नगरपालिकालाई खनिज कार्यमा पूँजी लगानी गरी वा अन्य कुनै प्रकारले हिस्सेदार बन्ने अधिकार हुनेछ।

६. <u>उत्खनन् वा संकलनको लागि क्षेत्र निर्धारण:</u>(१) नगरपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थकोउत्खनन्, संकलन, प्रशोधन तथा ओसारपसार गरिने क्षेत्र निर्धारण देहायको आधारमा गर्नेछ:

(क) नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान तथा क्षेत्रहरु,

(ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा र माटोजन्य पदार्थ थुप्रिन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुनसक्ने अवस्था सृजना भई जिल्ला विपद् व्यवस्थापन समितिसँग परामर्श लिई दफा २६ को उपदफा (१) बमोजिमको समितिले त्यस्ता पदार्थ हटाउनु पर्ने भनी तोकेका स्थलहरू,

(ग) निजी वा कुनै संस्था वा निकायको जग्गाबाट उत्खनन् गरी ढुङ्गा, गिट्टी, बालुवा, स्लेट र माटोजन्य पदार्थ निकाल्न सम्बन्धित स्थानीय तहको सिफारिशमा प्रचलित कानुन बमोजिम वातावरणीय परीक्षण सम्बन्धी प्रकृया पूरा गरी नगरपालिकाबाट दर्ता तथा अनुमति प्रदान गरिएको क्षेत्र,

(घ) साधारण निर्माणमुखी खनिज पदार्थको खानी क्षेत्रको लागि कम्तीमा ०.५ वर्ग किमी (करीब एक सय रोपनी) क्षेत्रफल भएको क्षेत्र,

(ङ) साधारण निर्माणमुखी खनिज पदार्थको उत्खनन् क्षेत्रको लागि कम्तीमा ०.०१ वर्ग किमी (करीब बीस रोपनी) क्षेत्रफल कायम भएको क्षेत्र,

(च) वस्ती, मठमन्दिर, विद्यालय, सार्वजनिक बाटो, ऐतिहासिक स्थलहरूबाट न्यूनतम दूरी ५० मिटरको क्षेत्र,

(छ) नदी, खोला, खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा र माटोजन्य पदार्थ थुप्रन गई सोको कारणले बस्ती तथा सार्वजनिक वा निजी संरचनामा जोखिम उत्पन्न हुन सक्ने अवस्था सिर्जना भई त्यस्ता पदार्थ हटाउनु पर्दा तोकिने स्थल,

(ज) सार्वजनिक वा निजी जग्गाबाट उत्खनन्, संकलन, प्रशोधन गरी ढुङ्गा र माटोजन्य पदार्थ निकाल्न सम्बन्धित निकायबाट निर्णय भई अनुमति प्रदान गरिएको क्षेत्र,

(झ) विभिन्न प्रकृतिका भौतिक पूर्वाधार, सडक तथा संरचनाहरू निर्माण गर्ने क्रममा उत्खनन् हुने क्षेत्र,

(ञ) जमीनलाई खेतीयोग्य बनाउने क्रममा ढुंगा, माटोजन्य पदार्थ हटाउनु पर्दा सम्बन्धित वडाबाट सिफारिश भई आएका क्षेत्र।

(२) दफा (१) बमोजिमका कुनै क्षेत्रमा यस कार्यविधि बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रशोधन, ओसारपसार तथा बिक्री वितरणको व्यवस्था नगरपालिकाले मिलाउने छ।

६. <u>नदीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्य गर्ने अनुमति:</u> (१) यो कार्यविधि तथा अन्य कार्यविधिहरूको अधीनमा रही नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न चाहने व्यक्ति वा संस्थाको छनौट नगरपालिकाले प्रतिस्पर्धाको माध्यमबाट गर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट भएको व्यक्ति वा संस्थाले यस दफा बमोजिमको नदीजन्य पदार्थ संकलन वा उत्खनन् गर्न देहाय बमोजिमका विवरणहरू संलग्न राखी अनुमतिको लागि तोकिए बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ।

(क) खनिज पदार्थ उत्खनन् तथा संकलन गर्ने व्यक्ति वा संस्थाको आवेदन
(ख) उत्खनन् वा संकलन कार्यको प्रस्तावित योजना
(ग) प्राविधिक क्षमता देखिने स्पष्ट आधारहरू खुलाउने प्रमाण कागजातहरू
(घ) निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि, कम्पनी भएमा सो को दर्ता प्रमाणपत्रको प्रतिलिपि
(ङ) कर कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
(च) व्यक्तिको हकमा २ प्रति फोटो र कम्पनीको हकमा आधिकारिक छाप सहित प्रमुख सञ्चालकको हस्ताक्षर
(छ) चालु आर्थिक बर्षमा नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने राजस्व तिरेको प्रमाणपत्रको प्रतिलिपि
(ज) कबोल गरेको ठेक अंक बमोजिम धरौटी र बैंक ग्यारेण्टीको सक्कल प्रति

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि नगरपालिकाले दफा११ को उपदफा (१) बमोजिमको समिति मार्फतआवश्यक जाँचबुझ गरी निवेदन दिने व्यक्ति, फर्म वा कम्पनीको आर्थिक एवं प्राविधिक क्षमता र खनिज कार्य गर्न आवश्यक योग्यता भएको देखिएमा निजलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई नगरपालिकाले खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ।

कार्यपालिकाको मिति २०७८।९।१४ गतेको निर्णयानुसार प्रमाणित

(३) उपदफा (२) बमोजिम दिइएको अनुमतिको अवधि एक पटकमा १ वर्षभन्दा बढी हुने छैन।

८. **नदीजन्य बाहेक खनिज पदार्थको कार्य गर्ने अनुमति**:(१) यो कार्यविधिको अधीनमा रही नदी बाहेकका सार्वजनिक वा नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा रहेको ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, फायर क्ले, स्लेट आदि खानीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न चाहने व्यक्ति वा निकायको छनौट नगरपालिकाले गर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट भएको व्यक्ति वा निकायले यस दफा बमोजिम नदी बाहेकका खनिज पदार्थ संकलन वा उत्खनन् गर्न देहाय बमोजिमका बिवरणहरू संलग्न राखी अनुमतिको लागि तोकिए बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ,-

(क) खनिज पदार्थ उत्खनन् तथा संकलन गर्ने व्यक्ति वा संस्थाको आवेदन

(ख) उत्खनन् वा संकलन कार्यको प्रस्तावित योजना

(ग) प्राविधिक क्षमता देखिने स्पष्ट आधारहरू खुलाउने प्रमाण कागजातहरू

(घ) निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि, कम्पनी भएमा सो को दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ङ) कर कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

(च) व्यक्तिको हकमा २ प्रति फोटो

(छ) चालु आर्थिक वर्षमा नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने राजस्व तिरेको प्रमाणपत्रको प्रतिलिपि

(ज) कबोल गरेको ठेक अंक बमोजिम धरौटी र बैंक ग्यारेण्टीको सक्कल प्रति

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि नगरपालिकाले दफा ११ को उपदफा (१) बमोजिमको समिति मार्फत आवश्यक जाँचबुझ गरी निवेदन दिने व्यक्ति वा निकायको आर्थिक एवं प्राविधिक क्षमता र खनिज कार्य गर्ने आवश्यक योग्यता भएको देखिएमा निजलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई नगरपालिकाले खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ।

९. **निजी जग्गाबाट खनिज पदार्थ उत्खनन् तथा संकलन गर्ने अनुमति**:(१) यो कार्यविधिको अधीनमा रही निजी जग्गामा रहेको ढुंगा, गिट्टी, बालुवा,माटो, स्लेट आदि खानीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न चाहने व्यक्ति वा निकायले देहाय बमोजिमका विवरणहरू संलग्न राखी अनुमतिको लागि तोकिए बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ,-

(क) खनिज पदार्थ उत्खनन् तथा संकलन गर्ने व्यक्ति वा संस्थाको आवेदन

(ख) विस्तृत प्रतिवेदन तथा उत्खनन् कार्यको योजना

(ग) प्राविधिक क्षमता देखिने स्पष्ट आधारहरू खुलाउने प्रमाण कागजातहरू

(घ) आर्थिक हैसियत देखिने प्रमाण कागजातहरू

(ङ) माइनिङ स्किम

(च) माइनिङ स्किम तयार पार्ने परामर्शदाताको नाम, ठेगाना र संलग्न व्यक्तिको बायोडाटा

(छ) नेपाल सरकार वा प्रदेश सरकार र नगरपालिकाबाट सडक वा अन्य सार्वजनिक पूर्वाधारको लागि पुरा गर्नुपर्ने मापदण्ड तोकिएकोमा सो मापदण्ड बमोजिमको अनुमति वा स्वीकृति

(ज) निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि, कम्पनी भए सो को दर्ता प्रमाणपत्रको प्रतिलिपि

(झ) कर कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

(ञ) जग्गामा खानी सञ्चालन गर्ने जग्गाको स्वामित्व खुलेको प्रमाणपत्रको प्रतिलिपि र भाडामा सञ्चालन गर्नुपर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरी रहेको लिखत

(ट) खानी सञ्चालन गरिने जग्गाको ब्लु प्रिन्ट तथा ट्रेस नक्सा

(ठ) व्यक्तिको हकमा-२ प्रति फोटो

(ड) नगरपालिकालाई चालु आ.व.मा बुझाउनु पर्ने राजस्व तिरेको प्रमाणको प्रतिलिपि

(ढ) सम्बन्धित वडाबाट तयार गरिएको सर्जमिन सहित सो वडाको सिफारिश

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि नगरपालिकाले दफा ११ को उपदफा (१) बमोजिमको समिति मार्फत आवश्यक जाँचबुझ गरी निवेदन दिने व्यक्ति वा निकायको आर्थिक एवं प्राविधिक क्षमता र खनिज कार्य गर्न आवश्यक योग्यता भएको देखिएमा निजलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई नगरपालिकाले खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ।

(३) यस दफाबमोजिम खनिज कार्य गर्ने अनुमति दिंदा नगरपालिकाले खनिज कार्यको क्षेत्र रअवधितोकी दिनु पर्नेछ।

१०. <u>नदीजन्य पदार्थको संकलन, उत्खनन, प्रशोधन र बिक्रीवितरण</u>:(१) नदीजन्य पदार्थको संकलन, उत्खनन् र बिक्री सम्बन्धी विधि देहाय बमोजिम हुनेछ:

(क) नगरपालिकाले कार्ययोजना तयार गरी स्वीकृत गर्ने,

(ख) वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराउने,

(ग) नगरसभाद्वारास्वीकृत दरमा उत्खनन्, संकलनको अनुमति र विक्रीको लागि ठेक्का व्यवस्था मिलाउनु पर्ने,

(२) नदीजन्य पदार्थको संकलन,उत्खनन्प्रशोधन गरिने क्षेत्र अन्य स्थानीय तह र नगरपालिकाको क्षेत्रभित्र पर्ने अवस्थामा संयुक्त समिति बनाई संकलन, उत्खनन् र विक्रीको व्यवस्था मिलाउन सकिने,

(३) नदीजन्य पदार्थको संकलन, उत्खनन् र बिक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व स्वीकृत वातावरण अध्ययन प्रतिवेदनमा आधारित रही प्राविधिक कार्यदलबाट चेकलिष्ट अनुसार स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नु पर्ने,

(४) नदीजन्य पदार्थ उत्खनन् गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित सीमाभित्र रही श्रममूलक प्रविधि वा मेशिनको प्रयोग सम्बन्धमा भएको व्यवस्था बमोजिम गर्नुपर्ने,

(५) नदीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्री वितरण गर्दा ठेक्का बन्दोबस्त सम्बन्धी कार्य प्रचलित कानुन बमोजिम गर्नुपर्ने,

(६) उत्खनन् तथा संकलन स्थलसम्म जाने र फर्कने मार्ग (एप्रोचरोड) नगरपालिकाले निर्धारण गर्नेछ । उत्खननगर्नका लागि साधन सहित प्रवेश गर्दाका बखत प्रवेश आदेश लिएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाई सोको अभिलेख राख्नु पर्ने,

(७) उत्खनन् गरी सकेपछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थलमा वातावरणीय अध्ययन् प्रतिवेदनमा तोकिए बमोजिम तह मिलाई खाडल नदेखिने गरी सम्याई राख्नु पर्ने,

(८) संकलन, उत्खनन् तथा प्रशोधन कार्य गर्दा नदी वा पानीको प्राकृतिकवहाव परिवर्तन नहुने गरी व्यवस्था गर्नु पर्ने,

(९) संकलन र उत्खनन् कार्यको अनुमतिप्राप्त व्यक्ति वा प्रतिनिधिले वातावरण अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त, ठेक्का शर्त, अनुगमन समिति र नगरपालिकाले अनुगमनका क्रममा दिएका निर्देशन पालना गर्नु पर्ने,

(१०) संकलन, उत्खनन् तथा प्रशोधन गरिएको नदीजन्य पदार्थ वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाण भन्दा बढ्ने गरी सञ्चय गर्न नहुने,

(११) उत्खनन् स्थलमा संलग्न जनशक्तिको सुरक्षा तथा व्यवस्थापनसँग सम्बन्धित कार्य मिलाउने दायित्व उत्खनन् र संकलनकर्ताको हुनेछ ।

११. <u>नदीजन्य एवं खानीजन्य पदार्थ उत्खनन्, संकलनतथा प्रशोधन सम्बन्धी व्यवस्था:</u> (१) नदीजन्य पदार्थ एवं खानीबाट ढुङ्गा, बालुवा, स्लेट र माटोजन्य पदार्थ उत्खनन् तथासंकलन सम्बन्धमा खानी दर्ता तथा सञ्चालन गर्नु पुर्व खानी संचालन गर्ने उपयुक्त भए नभएको विषयमा राय सुझाव दिन नगरपालिकाले देहाय वमोजिमको प्राविधिक समिति गठन गर्नेछ ।

(क) नगरपालिकाको पूर्वाधार विकास शाखा प्रमुख - संयोजक

(ख) नगरपालिकाको नापी सम्बन्धी कार्य गर्ने कर्मचारी - सदस्य

(ग) डिभिजन सडक कार्यालयको ईन्जिनियर - सदस्य

(घ) डिभिजन वन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(ङ) वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख - सदस्य

(च) नगरपालिकाको राजस्व शाखा प्रमुख - सदस्यसचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकतानुसार संघीय तथा प्रदेश सरकारका स्थानीय कार्यालय वा निकायका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिमको सदस्यको पद रिक्त रहेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले संयोजक भई काम गर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले स्थलगत अध्ययन गरी आर्थिक, सामाजिक, भौगोलिक, प्राविधिक तथा समितिले उपयुक्त ठहऱ्याएको अन्य आधार समेत खोली कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) खानी दर्ता गर्नु चाहिने जग्गाको न्यूनतम क्षेत्रफल प्रचलित कानून तथा नगरपालिकाले तोके बमोजिम हुनेछ।

(६) यस दफा बमोजिम दर्ता भई सन्चालन भएका नदीजन्य एवं खानीजन्य उद्योगहरूबाट उत्पादित ढुङ्गा, गिट्टी, बालुवा तथा माटोको निकासी परिमाणको आधारमा नगरपालिकाले सभाद्वारा निर्धारित दरमा उत्पादन तथा संकलन स्थानबाट निकासी शुल्क संकलन गर्नेछ।

१३. **क्रसर उद्योग सम्बन्धी व्यवस्थाः** (१) क्रसर उद्योग सम्बन्धी मापदण्ड नेपाल सरकार र प्रदेश सरकारले तोके बमोजिमको हुनेछ।

१२. **खानी, वासिंग तथा फिरफिरेको व्यवस्थापनः**(१) खानी, वासिङ तथा फिरफिरे सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ,-

(२) २० रोपनी भन्दा बढी क्षेत्रफल खानी सन्चालन गर्नु परेमा खानी विभागको स्वीकृतिलिनुपर्नेछ,

(३) २० रोपनी भन्दा कम क्षेत्रफलमा खानी सन्चालन गर्नुपरेमा र वासिंग तथा फिरफिरे संचालन गर्नुपरेमा नगरपालिकाको अनिवार्य स्वीकृति लिनुपर्नेछ,

(४) खानी, वासिङ तथा फिरफिरे दर्ता तथा सञ्चालन सम्बन्धी व्यवस्था दफा ८ र ९ बमोजिम कै प्रक्रिया अनुसार हुनेछ,

(५) ढुंगा, गिट्टी, बालुवा तथा माटो प्रशोधनकर्ताले विहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म मात्र प्रशोधन गर्न सक्नेछन्,

(६) खानी, वासिंग र फिरफिरे संचालनको लागि रु ५ लाख देखि २५ लाख सम्म नगद धरौटी वा बैंक ग्यारेन्टी अनिवार्य राख्नुपर्नेछ,

(७) बालुवा, पाँगो धुने वा प्रशोधन गर्ने (फिरफिरे) संचालन गर्दा निष्कासन भएको धुलो, फोहर, लेदो आदिलाई प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र प्राकृतिक पानीको स्रोतमा मिसाउने प्रबन्ध गर्ने दायित्व सम्बन्धित सञ्चालनकर्ताको हुनेछ,

(८) बालुवा, पाँगो धुने वा प्रशोधन गर्ने (फिरफिरे) उद्योगले प्रचलित कानुन बमोजिम गर्नुपर्नेप्रगति वा अध्ययन प्रतिवेदन तयारी आफैंगर्नुपर्नेछ।

१४. **निजी जग्गाप्लटिङ लगायत सम्याउने सम्बन्धी व्यवस्था:**(१) नगरपालिकाको स्वीकृति विना निजी जग्गा प्लटिङ्ग/ व्यवस्थापन (खन्न वा सम्याउन) पाइने छैन।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न चाहने व्यक्ति, संस्था वा निकायले देहायका विषय खोली नगरपालिका प्रमुख समक्ष निवेदन दिनु पर्नेछ,-

(क) आफ्नो जग्गा भए सो जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रमाणित प्रतिलिपि,
(ख) चालु आर्थिक वर्षको नगरपालिकालाई बुझाउनु परेको राजस्व तिरेको निस्सा,
(ग) एक भन्दा बढी व्यक्ति वा निकायको नाममा जग्गा भए सबै हकवालाको वडाध्यक्षको रोहबरमा भएको मञ्जुरीनामा,
(घ) मोही जग्गा भए जग्गाधनी तथा मोही दुवैको सहमति रहेको संयुक्त सम्झौता वा मञ्जुरीनामा,
(ङ) वडा कार्यालयको सिफारिश
(च) नगरपालिकाले समिति गठन गरी प्रतिवेदन पेश गर्न लगाएको भएमा सो प्रतिवेदनको सिफारिश,
(छ) गुठी जग्गा भए गुठी संस्थानको सिफारिश,
(ज) निजी जग्गा खन्ने वा सम्याउनका लागि निवेदन।

(३) उपदफा (२) बमोजिमको निवेदनप्राप्त भएपछि नगरपालिकाले यस कार्यविधिको दफा ११ को उपदफा (१) बमोजिमको समितिलाई जग्गा खन्न वा सम्याउन उपयुक्त भए नभएको जाँचबुझ गर्न खटाउन सक्नेछ। प्राविधिक समितिले देहायका विषयहरू खोली प्रतिवेदन दिनु पर्नेछ,-

(क) माटो, बालुवा वा ढुंगाको परिमाण,
(ख) उत्खनन् गरी सक्नु पर्ने अवधि,
(ग) व्यवस्थापनको तरिका,
(घ) खन्ने वा सम्याउने जग्गाको क्षेत्रफल,

(ङ) खन्ने वा सम्याउने कार्य गर्दा वातावरणलाई पर्ने असर,

(च) वडा कार्यालयको सिफारिश।

(४) नगरपालिकाले जग्गा खन्ने वा सम्याउने अनुमति प्रदान गर्नु अघि १५ दिनको सार्वजनिक सूचना प्रकाशित गरी वडावासीको राय सुझाव संकलन गर्नु पर्नेछ। यस्तो सूचनाको आधारमा प्राप्त सुझाव र उपदफा (३) बमोजिमको समितिको प्रतिवेदन समेतलाई आधारमानी प्रमुखको आदेशानुसार प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले अनुमति प्रदान गर्नेछ।

१५. **उत्खनन्, संकलन, प्रशोधन तथा ओसार पसारकार्य गर्ने अधिकार:** (१) कुनै क्षेत्रमा कुनै खनिज पदार्थको उत्खनन्, संकलन, प्रशोधन तथा ओसार पसार गर्ने अनुमति प्राप्त व्यक्तिलाई सो क्षेत्रमा सोही खनिज पदार्थको उत्खनन् वा प्रशोधन कार्य मात्र गर्न अनुमति पाउने अधिकार हुनेछ।

(२) खनिज पदार्थ उत्खनन,संकलन, प्रशोधन तथा ओसारपसार गर्ने अधिकार पाएको व्यक्ति वा संस्थाले परम्परादेखि प्रयोगमा आइ रहेको जलाधार, पानीको मुहानमा प्रतिकूल प्रभाव पर्ने गरी कार्य गर्ने अधिकार हुने छैन।

१६. **खनिज पदार्थको मूल्य र करको दर:** (१) नदीजन्य पदार्थको मूल्य (संकलन शुल्क) प्रचलित कानून बमोजिमको हुनेछ।

(२) खनिज पदार्थको करको दर प्रदेश कानून बमोजिम हुनेछ।

(३) नगरपालिकाले , उत्खनन्, प्रशोधन भएको वस्तुको प्रकृति अनुसार थप दस्तुर वा कर अशुल गर्न सक्नेछ।

१७. **ठेक्का बन्दोबस्त सम्बन्धी व्यवस्था:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र पर्ने नदीजन्य तथा खनिजजन्य पदार्थकोउत्खनन् , संकलन, प्रशोधन तथा ओसार पसार बिक्री वितरणका लागि सार्वजनिक सूचना जारी गरी प्रचलित कानून बमोजिम ठेक्का बन्दोवस्त गरी बिक्री वितरण गर्नेछ।

(२) ठेक्का सकार गर्ने व्यक्ति, संस्था वा फर्म वा कम्पनीले उत्खनन्, संकलन इजाजत लिदा सकार गरेको रकम सार्वजनिक सूचनामा तोकिएको समय र किस्तामा नगरपालिकालाई बुझाउनु पर्नेछ।

(३) ठेक्का सकार गर्ने व्यक्ति, संस्था वा फर्म वा कम्पनीले नगरपालिकाकाबाट जारी गरिएको बील प्रमाणित गरेर मात्र जारी गर्नुपर्नेछ।

१८. **खनिज पदार्थको ओसार पसार गर्ने विधि:** (१) खनिज पदार्थ बोकेका सवारी साधनहरूले ढुवानी अवधिभर खनिज पदार्थ उत्खनन् वा संकलन गर्ने स्थलमा प्रवेश गर्ने अनुमति र राजस्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार पसार गर्नु पर्दछ। त्यस्तो निस्सा ३ प्रति छापी १ प्रति ढुवानी साधनमा, १ प्रति नगरपालिकामा र १ प्रति ठेक्का लिने वा सकारकर्ताकोमा रहने व्यवस्था गर्नु पर्नेछ।

(२) खानीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले पटके आदेशमा मिति, समय, सवारी नं. ढुवानी गरी लैजाने स्थल, परिमाण पदार्थको प्रकार, संकलन गरेको स्थल आदि समेतको विवरण उल्लेख गरेको निस्सा साथै राख्नु पर्नेछ ।

(३) खनिज पदार्थ ढुवानी गर्दा २५० घनफुट सम्मको ट्रक वा टिप्परकोमात्र प्रयोग गर्नु पर्नेछ ।

(४) खनिज पदार्थ उत्खनन् वा संकलन गर्ने स्थल जाने प्रवेश मार्गमा धुलो उड्न नदिन नियमित रुपमा पानी छर्कने,पानी नचुहिने व्यवस्था गर्ने,प्रदुषण नहुने गरी सुरक्षित वस्तुले छोपेर मात्र ढुवानीको प्रबन्ध उत्खनन् वा ढुवानीकर्ताले मिलाउनु पर्नेछ ।

(५) खनिज पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभरप्रेसर हर्न बजाउन पाउने छैन ।

(६) खनिज पदार्थ ढुवानी गर्ने सवारीको अधिकतम गति ४० किमीप्रतिघण्टा भन्दा बढी हुनेछैन ।

(७) खनिज पदार्थ लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगुन्जेल सडक किनारामा पार्किङ्ग गर्न पाइने छैन । सवारी साधन बिग्रेको हकमा यथासम्भव छिटो सडकबाट किनारा लगाउने व्यवस्था ढुवानीकर्ताले मिलाउनु पर्नेछ ।

११. <u>खनिज पदार्थको भण्डारण</u>:(१) खनिज पदार्थ संकलन वा उत्खनन् भएको स्थलबाटै सिधै बजारमा लगेर बिक्री गर्न सकिने छ ।

(१) बजारमा माग नभएको अवस्थामा मात्र नगरपालिकाको स्वीकृति लिई भण्डारण गर्न सकिने छ ।

(२) खनिज पदार्थ संकलनकर्ताले वन क्षेत्र, सार्वजनिक सडकको क्षेत्राधिकार रहेको क्षेत्र, सार्वजनिक सम्पत्तिको किनार आसपास, पानीको मुहान एवं धार्मिक तथा सांस्कृतिक महत्वका पूर्वाधारको आसपास एवं विद्यालय, कलेज, स्वास्थ्य संस्थाको आसपास भण्डारण गर्न हुदैन ।

(३) संकलनकर्ताले भण्डारणका लागि आफ्नै स्वामित्व वा भाडामा रहेको जग्गामा प्रचलित कानुन बमोजिमको सम्झौता गरी कानुन बमोजिमको प्रक्रिया पुर्‍याइ प्राप्त गरेको जमिनमा भण्डारण गर्न सक्नेछ । यसरी भण्डारण गर्दा भण्डारण क्षेत्रका सर्वसाधारण र वासिन्दालाई प्रतिकूल प्रभाव नपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) खनिज पदार्थ उत्खनन् वा संकलन कर्ताले निजी खर्चमा सम्बन्धित वन कार्यालयको सहयोगमा भण्डारण वा प्रशोधन गर्ने क्षेत्रको वरिपरि कम्तीमा दुई तहको वृक्षारोपण वा सेल्टरबेल्ट स्थापना गर्नु पर्नेछ ।

१२. <u>निषेध गरिएको</u>: देहायका कार्यहरू गर्न निषेध गरिएको छ,-

(क) वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाण भन्दा बढ्ने गरी खनिज पदार्थको संकलन, उत्खनन्, ढुवानी वा संचय गर्ने,

(ख) सार्वजनिक, ऐलानी तथा पर्ती जगामा विना अनुमति खनिज पदार्थको भण्डारण गर्न,

(ग) खनिज पदार्थको ओसार पसार गर्न नहुने भनी उल्लेख भएका विषयहरू,

(घ) नगरपालिकाले तोकेको वा आदेश भएको विषय बाहेक खनिज पदार्थको ओसार पसार र ढुवानी गर्दा कुनै किसिमको अवरोध, थप कर, दस्तुर, शुल्क लिने वा ढाट राखी अतिरिक्त शुल्क असुल गर्न,

(ङ) ढुवानी साधनमा तोकिएको क्षमता भन्दा बढी हुने गरी थप खनिज पदार्थ ढुवानी गर्न,

(च) वातावरणीय प्रतिवेदनमा उल्लेख भएको अवस्थामा बाहेक हेभी इक्विपमेन्ट प्रयोग गर्न,

(छ) नेपाल सरकार वा प्रदेश सरकार र नगरपालिकाले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् र संकलन गर्न वा सञ्चय गर्न साथै सडकको पुलभन्दा १००० मिटर तल र ५०० मिटर माथिको नदी किनाराबाट नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्न,

(ज) डाँडोको कटान गर्दा तल्लो सतहबाट कटान गर्न तथा ठाडो तथा जोखिमयुक्त तरिकाले कटान गर्न,संकलन र उत्खनन् गरिएको नदीजन्य पदार्थ वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाण भन्दा बढ्ने गरी सञ्चयगर्न ।

१. <u>खनिज पदार्थको संकलनअवधिः</u>(१) नदीजन्य पदार्थको संकलन समय आश्विनदेखि जेठ मसान्तसम्म हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै खोला वा नदी विशेषको परिस्थितिलाई (नदीजन्य पदार्थ वा खानीजन्य पदार्थ तत्काल नहटाउँदाधनजन र वातावरणमा क्षति पुग्ने स्थिति) अध्ययन गरी दफा ११ को उपदफा (१) बमोजिमको समितिको सिफारिशमा नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

१. <u>खनिज कार्यको उत्खनन् तथा संकलन विधिः</u>(१) उत्खनन् पश्चात के कति परिणाम निकालिएको छ भनी नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन् गर्न नपाउने गरी साँध, किल्ला र निसानाको व्यवस्था गरी उत्खनन् कार्य गर्नु पर्दछ ।

(२) नदीजन्य वा खानीजन्य पदार्थ उत्खनन् गर्ने परिमाण, गहिराई, स्थान, प्रविधि तथा समय समेत सम्झौतामा नै तोकी दिनु पर्दछ साथै सो अनुसारको सूचना उत्खनन् गर्ने स्थानमा राख्ने व्यवस्था अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनीले मिलाउनु पर्दछ ।

(३) नदीजन्य वा खानीजन्यपदार्थ उत्खनन् तथा संकलन गर्दा रेखाङ्कन गरिएको क्षेत्रभित्रको सीमाबाट मात्र वातावरणीय अध्ययन प्रतिवेदन तथा प्राविधिक समितिको प्रतिवेदनमा उल्लेख भएबमोजिमकोउत्खनन् तथा संकलनगर्ने प्रविधि र मेसिनको प्रयोग गर्नु पर्दछ ।

(४) नगरपालिकाले उत्खनन् गरिने खनिज पदार्थको परिमाण, चारकिल्ला, उत्खनन् विधि र निर्धारित विधि अनुसार उत्खनन् भए नभएको सम्बन्धमा गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नम्बर लगायत जानकारीमूलक सूचना बोर्डसंकलन स्थलमा राख्ने व्यवस्था मिलाउने छ ।

(५) उत्खनन् वा प्रशोधन स्थलसम्म जाने पहुँच मार्ग र समय नगरपालिकाले तोकी दिए बमोजिम हुनेछ तर यस्तो मार्ग वन क्षेत्रभित्र पर्ने भएमा सम्बन्धित वन कार्यालयको सहमतिमा पहुँच मार्ग र समय निर्धारण गरिनेछ ।

(६) उत्खनन् तथा संकलन, प्रशोधन तथा ओसारपसारकर्तालेउत्खनन् परिमाणको दैनिक तेरिज तयार गरी अभिलेख राख्नु पर्नेछ र नगरपालिकाले मागेको बखत त्यस्तो तेरिज उपलब्ध गराउनु पर्नेछ ।

(७) नदी, खोला वा खोल्सीबाट प्रचलित कानुन बमोजिम उत्खनन् तथा संकलन गर्दा वातावरणीय प्रतिवेदन र प्राविधिक प्रतिवेदनमा तोकिएको गहिराई र परिमाणमा मात्र तह मिलाइ खाडल नदेखिने गरी गर्नुपर्नेछ । संकलन,उत्खनन्, प्रशोधन तथा ओसारपसार गर्दा नदीको पानीको बहाव क्षेत्रलाई परिवर्तन गर्ने गरी उत्खनन् गर्न पाइने छैन ।

(८) प्रचलित कानुनले निषेध गरेको क्षेत्रमा वा निषेध गरेका उपकरण र औजारको प्रयोग गरी उत्खनन् वा संकलन गरेको पाइएमा नगरपालिकाले जुनसुकै बखत अनुमति रद्द गर्न सक्नेछ ।

(९) उत्खनन्, संकलन, प्रशोधन तथा ओसारपसार स्थलमा काम गर्ने कामदारको सुरक्षा र बीमा प्रचलित कानुन बमोजिम दिनु पर्ने न्यूनतम पारिश्रमिक नियमित भुक्तानीको व्यवस्था उत्खनन्,संकलन, प्रशोधन तथा ओसारपसार कर्ताको हुनेछ ।

(१०) उत्खनन्, संकलन, प्रशोधन, ओसारपसार तथा बिक्री वितरणमा बालश्रमको प्रयोग गर्न पाइने छैन ।

(११) उत्खनन्, संकलन प्रशोधन तथा ओसारपसार गर्न अनुमति पाएको व्यक्ति, संस्थाले विहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म मात्र उत्खनन्, संकलन, प्रशोधन् गर्न पाउनेछ ।

(१२) उत्खनन्, संकलन, प्रशोधन, ओसार पसार तथा बिक्री वितरण स्थल र मुख्य बसोवास, विद्यालय, अस्पताल, नदीमा बनेका संरचना, जलविद्युत केन्द्र वा ट्रान्सफर्मर वा विद्युतीय पोल, सिंचाइ कुलो, खानेपानी लगायतका अन्य संवेदनशील संरचना बीचको दूरी तथा उत्खनन् गर्ने स्थान, परिमाण, इकाई, गहिराइ सम्बन्धी व्यवस्था प्रचलित कानुन र वातावरणीय प्रतिवेदन वा अनुगमन समिति वा प्राविधिक समितिको सिफारिशको आधारमा नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

(१३) उत्खनन्, संकलन, प्रशोधन, ओसारपसार तथा बिक्री वितरणबाट वातावरण प्रदूषण गराउन हुदैन साथै त्यस्ता स्थानबाट निस्कने फोहरमैलाको व्यवस्थापन गर्ने दायित्व सम्बन्धित उत्खननकर्ता, सङ्कलक वा बिक्री वितरणकर्ताको हुनेछ।

(१४) उत्खनन्, संकलन, प्रशोधन, ओसारपसार वा बिक्री वितरण कार्यको स्पष्ट अभिलेख राखी व्यक्ति, कम्पनी वा फर्मले प्रचलित कानुन बमोजिम तिर्नु बुझाउनु पर्ने कर बुझाउने वा तिर्ने दायित्व त्यस्तो व्यक्ति, कम्पनी वा फर्मको हुनेछ।

सुविधा तथा सहुलियत: अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा पाउने सुविधा तथा सहुलियत नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

स्थानीय विकास शुल्क तथा रोयल्टी:नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने खनिज पदार्थ सम्बन्धी कार्य गर्ने व्यक्ति, संस्था वा निकायले प्रदेश कानुन बमोजिम रोयल्टी तिर्नु बुझाउनु पर्नेछ।

विष्फोटक पदार्थको प्रयोग:खनिज कार्यको लागि चाहिने विष्फोटकपदार्थहरुखनिज कार्यको अनुमति प्राप्त व्यक्तिले नेपाल सरकार वा प्रदेश सरकारले समय समयमा निर्णय गरेबमोजिमको शर्त तथा प्रचलित कानूनको अधीनमा रही पैठारी, संचय, ओसार-पसार र प्रयोग गर्न सक्नेछ। उक्त कार्यका लागि नगरपालिकाले सम्बन्धित निकायमा आवश्यक सिफारिशको लागि सहजिकरणगर्नेछ।

अनुगमन सम्बन्धी व्यवस्था: (१) नगरपालिकाले यो कार्यविधि बमोजिम खनिज कार्य भए नभएको सम्बन्धमा अनुगमन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्नेछ,-

| | | |
|---|---|---|
| (क) | प्रमुख | संयोजक |
| (ख) | खनिज कार्य भएको वडाको वडाध्यक्ष | सदस्य |
| (ग) | नगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक | सदस्य |
| (घ) | नगरपालिकाको सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (ङ) | प्रमुखले तोकेको वातावरण वा विपद् व्यवस्थापन विज्ञ | सदस्य |
| (च) | प्रमुखले तोकेको भूगर्भ विज्ञ | सदस्य |
| (छ) | पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| (ज) | सम्बन्धित प्रहरी कार्यालय प्रतिनिधि | सदस्य |
| (झ) | राजश्व शाखा प्रमुख | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले नगरपालिकाभित्र संचालनमा रहेका खनिज कार्यको वर्षमा कम्तीमा १ पटक अनुगमन गरी सो प्रतिवेदन कार्यपालिकामा पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन पेश गर्दा निम्न विषयहरूमा आफ्नो राय र सुझाव समेत पेश गर्नु पर्नेछ,-

(क) खनिज कार्य भएकोमा सोको अवस्था

(ख) खनिज कार्यले सामाजिक, सांस्कृतिक, वातावरणमा परेको प्रभाव,

(ग) खनिज कार्य सम्बन्धमा नगरपालिकाले निर्देशन दिएको भए सोको कार्यान्वयन अवस्था,

(घ) खनिज कार्यको सम्बन्धमा नेपाल वा प्रदेश सरकारले समय समयमा गरेको निर्णयको कार्यान्वयनको अवस्था,

(ङ) खनिज कार्य सञ्चालन भएको क्षेत्रका बासिन्दाहरूको धारणा,

(च) खनिज कार्यले सार्वजनिक पूर्वाधारमा परेको प्रभाव,

(छ) खनिज कार्यमा संलग्न व्यक्ति वा निकाय वा संस्थाको धारणा,

(ज) प्रचलित कानून बमोजिम खनिज कार्यमा संलग्न व्यक्ति, निकाय वा संस्थामा गर्नुपर्ने प्रतिवेदनको अवस्था

(झ) संकलन,उत्खनन्, प्रशोधन, ओसार पसार तथा बिक्रीका शर्तहरूको परिपालना, उत्खनन् परिमाणको नियन्त्रण, राजस्व चुहावट तथा चोरी नियन्त्रण जस्ता विषयहरू,

(ञ) खनिज पदार्थको बजार मूल्यको अनुगमन,

(ट) समितिले देखेका अन्य आवश्यक विषयहरू ।

(३) समितिले अनुगमनको क्रममा खनिज कार्य गर्ने स्थलमा वातावरणीय अध्ययन प्रतिवेदन वा प्राविधिक प्रतिवेदनमा उल्लेख भए बमोजिमको उत्खनन् योग्य परिमाण उत्खनन् भैसकेको पाइएमा ठेक्का अवधि बाँकी रहे पनि उक्त खनिज स्थलमा खनिज कार्य गर्न नहुने भन्ने विषय समेत समावेश गर्नु पर्नेछ ।

(४) नगरपालिकाले खनिज कार्य प्रचलित कानून र यस कार्यविधि बमोजिम भए नभएको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न प्राविधिक समिति गठन गर्न वा स्वतन्त्र विज्ञ समूह वा संस्था मार्फत कार्य गराउन सक्नेछ ।

<u>नियमन सम्बन्धी व्यवस्थाः</u> (१) कसैले यो कार्यविधि बमोजिम खनिज कार्य गर्ने अनुमति नलिई खनिज कार्य गरेमा नगर कार्यपालिकाले त्यस्तो खनिज कार्य बन्द गरी खनिज कार्यमा प्रयोग गरिएको यन्त्र, उपकरण, औजार र मालसामान तथा अनधिकृत तवरले उत्खनन् गरेको खनिज पदार्थ समेत जफत गर्नुको साथै त्यस्तो कार्यबाट नोक्सान भएको धनसम्पत्तिको क्षति पनि भराउन सक्नेछ ।

(२) अनुमति प्राप्त व्यक्तिले यस कार्यविधि बमोजिमको आदेश पालन नगरेमा त्यस्तो निर्देशन वा आदेश पालन नगरेसम्म कार्यपालिकाले खनिज कार्य स्थगित गर्न वा खनिज कार्य गर्ने अनुमति नै रद्द गर्न सक्नेछ र त्यस्तो निर्देशन वा आदेश पालन नगरेको कारणबाट खानी वा खनिज पदार्थको भण्डारमा क्षति पुग्न गएमा, भूक्षय भएमा वा कसैको जिउ वा धन सम्पत्तिमा चोटपटक वा नोक्सानी पर्न गएमानोक्सानीको आधारमा मनासिब क्षतिपूर्ति समेत अनुमति प्राप्त व्यक्तिबाट भराइनेछ ।

(३) नगरपालिकाले सर्वसाधारणले निजी प्रयोगको निमित्त उपयोग गरी आएको प्रचलनमा प्रतिकूल असर नपर्ने गरी नगरपालिकाको निर्माण कार्यको प्रयोगमा आउने साधारण माटो, गिट्टी, ढुंगा र बालुवाजस्ता खनिज पदार्थका सम्बन्धमा छुट्टै व्यवस्था गर्न सक्नेछ।

(४) नगरपालिकाले खनिज कार्यबाट खानी वा खनिज पदार्थको भण्डारलाई हुनसक्ने क्षति, कसैको जिउ वा सम्पत्तिमा पर्न सक्ने चोटपटक वा नेक्सानी रोकथाम गर्न, कुनै प्रतिष्ठानमा हानी नोक्सानी हुन नदिन र भू-क्षय हुन नदिन आवश्यक आदेश दिन सक्नेछ।

(५) खनिज कार्य गर्ने व्यक्तिले वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर पार्ने कार्य गरेको देखिएमा त्यस्तो कार्यमा सुधार ल्याउन नगरपालिकाले सम्बन्धित व्यक्तिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(६) अनुमति प्राप्त व्यक्तिले यस कार्यविधि बमोजिम नगरपालिकामा दिनुपर्ने सूचना वा प्रतिवेदन नदिएमा त्यसरी सूचना वा प्रतिवेदन नदिएसम्म नगरपालिकाले खनिज कार्य स्थगन गर्न सक्नेछ।

(७) यस कार्यविधि बमोजिम भएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र न्यायिक समितिमा निवेदन दिन सक्नेछ।

(८) खनिज कार्यको लागि कुनै जग्गामा केही समयको लागि कुनै यन्त्र, उपकरण, औजार जडान गर्न वा नाप नक्शा वा खनिज कार्यसम्बन्धी अन्य कुनै काम गर्न आवश्यक भएमा प्रचलित कानुन र यो कार्यविधिको अधीनमा रही त्यस्तो जग्गामा प्रवेश गरी त्यस्तो काम गर्न सक्नेछ।

(९) नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले खनिजकार्य गर्दा कुनै जग्गावालाले आफ्नो जग्गा उपभोग गर्न नपाएमा वा त्यस्तो जग्गामा रहेको बाली, रुख, घर, वस्तु वा अन्य सम्पत्ति नोक्सानी भएमा नगर कार्यपालिकाले आवश्यक प्राविधिक परामर्श लिई प्रचलित दरभाउलाई समेत ध्यानमा राखी सम्बन्धित जग्गावालालाई क्षतिपूर्ति भराइदिन सक्नेछ।

(१०) नगरपालिकाले सार्वजनिक हितको लागि आवश्यक देखेमा वा नेपाल सरकार वा प्रदेश सरकारबाट निर्णय भइ आएको अवस्थामा तुरुन्त खनिज कार्य रोक्का गरी खनिज कार्य गर्ने अनुमति वा नवीकरण कार्य रद्द गर्न सक्नेछ।

८. **अनुमतिको नामसारीः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले नगरपालिकाको पूर्व स्वीकृतिनलिई आफूले प्राप्त गरेको अनुमतिपत्र अन्य कसैको नाममा हस्तान्तरण वा नामसारी गरी दिन सक्ने छैन।

(२) अनुमतिपत्र प्रात व्यक्ति वा संस्था वा निकायले प्राप्त गरेको अनुमतिपत्र अरु कसैको नाममा नामसारी गर्न चाहेमा त्यसरी नामसारी गरि लिन चाहने व्यक्ति वा संस्था वा निकायले तोकिए बमोजिमको योग्यता भएको प्रमाणसहित नगरपालिका समक्ष नामसारीको लागि निवेदन दिनु पर्नेछ।

(क) कर चुक्ता प्रमाणपत्र,

(ख) खानी सञ्चालन अनुमति पत्रको प्रमाण,

(ग) वातावरणीय अध्ययन प्रतिवेदनको प्रगति स्थिति,

(घ) कम्पनीको पछिल्लो अवधिको शेयर लगत,

(ङ) दफा२६ को उपदफा (१) बमोजिमको अनुगमन समितिको सिफारिस।

३०. **अनुमतिपत्रको खारेजी:** अनुमतिपत्र देहायको अवस्था अवस्थामा रद्द हुनेछ,-

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र परित्याग गर्न निवेदन दिएमा,

(२) उत्खनन् तथा संकलनको लागि दिइएको अनुमतिपत्र निवेदक आफैंले वा निजको अधिकार प्राप्त अधिकारी वा प्रतिनिधिले बुझी नलिएमा,

(३) प्रचलित कानुन बमोजिम तोकिएको समायावधि भित्र नवीकरण नगराएमा,

(४) संघीय र प्रदेश कानुन बमोजिम सार्वजनिक हित वा राष्ट्रिय सुरक्षा वा वातावरणमा प्रतिकूल असर पर्न सक्ने कार्य गरेकोले अनुमतिपत्र खारेज वा रद्द गरी दिन निर्णय भई आएमा,

(५) प्रचलित कानुन तथा यस कार्यविधि बमोजिम तोकिएको कर, दस्तुर, शुल्क तोकिएको समयमा सम्बन्धित निकायमा बुझाएको प्रमाण पेश गर्न नसेकेकोमा,

(६) यस कार्यविधि बमोजिम पेश गर्नुपर्ने विवरण, प्रतिवेदन, सूचना तोकिएको समयभित्र पेश गर्न बारम्बार ताकेता गरेकोमा पेश नगरेकोमा,

(७) यस कार्यविधि बमोजिम तोकिएको शर्तहरूको पालना नगरेमा,

(८) अनुमति पत्रको अवधि समाप्त भएमा,

(९) दफा २६ को उपदफा (१) बमोजिमको समितिले अनुमतिपत्र खारेजीको लागि सिफारिश गरेमा।

३१. **मध्यस्थता सम्बन्धी व्यवस्था:** नगरपालिका र अनुमति प्राप्त व्यक्तिबीच खनिज कार्यसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा उठेको कुनै विवाद दुवै पक्षले आपसी सरसल्लाहबाट सुल्झाउन नसकेमा दुवै पक्षबीचमा भएको सम्झौतामा तोकिएकोमा सोहीबमोजिम र सम्झौतामा नतोकिएकोमा नगरपालिकाको न्यायिक समितिबाट मध्यस्थताद्वारा समाधान गरिनेछ।

३२. **सूचना तथा प्रतिवेदन:** अनुमति प्राप्त व्यक्तिले तोकिए बमोजिमको सूचना तथा प्रतिवेदन तोकिएबमोजिम नगरपालिकामा दिनु पर्नेछ।

३३. **विविध:** (१) नदीजन्य वा खानीजन्य पदार्थ संकलन वा उत्खनन् क्षेत्र दुई वा दुई वा दुईभन्दा वढी नगरपालिका क्षेत्रभित्र पर्ने अवस्था भएमा दुई नगरपालिकाको सहमतिमा उत्खनन् वा संकलन गरिनेछ।

(२) नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिका र विकास साझेदारहरूको सहयोगमा सञ्चालित परियोजनाहरूलाई नगरपालिकाको स्वामित्वमा रहेको खनिज पदार्थ संकलन वा उत्खनन्

स्थलबाट खनिज पदार्थ उपलब्ध गराउनु पर्दा सम्बन्धित आयोजना कार्यालयको आवश्यक परिमाण खुल्ने व्यहोराको सिफारिस, सम्बन्धित निकायले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन, आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन र आयोजना संचालन गर्ने गरी भएको सम्झौता लगायतका कागजातको आधारमा नगरपालिकामा तोकिए बमोजिमको राजस्व बुझाउने गरी उपलब्ध गराउन सकिनेछ ।

(३) यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा सम्पर्क शाखाको रुपमा वातावरण तथा विपद् व्यवस्थापन शाखाले कार्य गर्नेछ ।

__मापदण्डबनाउने अधिकार:__ (१) यस कार्यविधिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न कार्यपालिकाले निम्न विषयमा मापदण्ड बनाइ लागु गर्न सक्नेछ,-

(क) खनिज कार्य गर्न अनुमति लिन चाहने व्यक्ति,फर्म वा कम्पनीको योग्यता,

(ख) खनिज पदार्थ सम्बन्धी ठेक्का दिने, सो को सम्झौता तथा अनुमतिपत्रमा रहने कुराहरु,

(ग) खनिज कार्य गर्दा अपनाउनु पर्ने कार्यविधि तथा पालन गर्नुपर्ने शर्तहरु,

(घ) खनिज कार्य गर्दा धन–जनको सुरक्षा गर्ने र भू-क्षय तथा वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर हुन नदिन गर्नुपर्ने सुरक्षात्मक व्यवस्था,

(ङ) अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनीले राख्नुपर्ने खनिज कार्यको हिसाब किताब,

(च) अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनीले दिनुपर्ने सूचना, प्रतिवेदन तथा अन्य विवरणहरु,

(छ) निरीक्षण तथा जाँचबुझ सम्बन्धी कार्यविधि, र

(ज) मध्यस्थतासम्बन्धी प्रक्रिया ।

तर, उपरोक्तानुसारको मापदण्ड वा आवश्यकतानुसार कार्ययविधि नबन्दा सम्म नगर सभाले तोके बमोजिम वा नगर कार्यपालिकाले तोके बमोजिम ठेक्का पट्टा र सो सँग सम्बन्धित सबै प्रक्रियाहरु, शुल्कहरु तथा स्थानीय सेवा शुल्क निर्धारण गरी लगाउन सक्नेछ ।

नेपालको संविधान को अनुसूचि ८ बमोजिमको एकल अधिकारका सम्बन्धमा यसै कार्यविधि बमोजिम हुने तथा अनुसूचि ९ को संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचिभित्र रहेका विषयहरु प्रदेश सरकार र नेपाल सरकारको कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

पालिकाको मिति २०७६।९।१४ गतेको निर्णयानुसार प्रमाणित

अनुसूची -१

(दफा ७(२), ८(२) र ९(१) सँग सम्बन्धित)

## उत्खनन/संकलन/ प्रशोधन कार्यको अनुमतिपत्रको निवेदन

श्रीमान् प्रमुखज्यू,
त्रियुगा नगरपालिका,
गाईघाट, उदयपुर।

महोदय,

मैले/हामीले "त्रियुगा नगरपालिकाको नदीजन्य तथाखानीजन्य खनिज पदार्थ व्यवस्थित गर्ने कार्यविधि-२०७६" बमोजिम देहायको विवरण खोली उत्खनन् /संकलन /प्रशोधन/ ओसार पसार र बिक्री वितरण कार्यको अनुमतिपत्रको लागि यो निवेदनपेश गरेको छु,/छौं।

१. व्यक्तिको,-

(क) नाम, थरः

(ख) ठेगानाः

(ग) सम्पर्क नम्बरः

(घ) ईमेलः

(ङ) प्यान वा भ्याट नं.

२. संगठित संस्था/फर्म/कम्पनीको,-

(क) नामः

(ख) ठेगानाः

(ग) टेलिफोन नं.

(घ) दर्ता भएको निकायः

(ङ) दर्ता भएको नं. र मितिः

(च) मुख्य सञ्चालकः

(छ) प्यान वा भ्याट नं.

३. संकलन/उत्खनन् /प्रशोधन ओसार पसार र बिक्री वितरण गर्न चाहेको खनिज पदार्थः

४. संकलन/उत्खनन् /प्रशोधन ओसार पसार र बिक्री वितरण गर्न चाहेको अवधिः

५. संकलन/उत्खनन् को कार्य गर्न माग गरेको क्षेत्रको चारकिल्ला र स्केल नक्साः

(क) प्रदेश नं.

(ख) जिल्लाः उदयपुर

(ग) नगरपालिकाः त्रियुगा नगरपालिका वडा नं.............

(घ) स्थानः

(ङ) साविक गाविसः

(च) टोपो सिट नं.

(छ) मुल चिन्हः

(ज) पूर्व.......................................................मिटर

(झ) पश्चिम....................................................मिटर

(ञ) उत्तर .......................................................मिटर

(ट) दक्षिण .....................................................मिटर

**जम्मा** ....................................................... वर्ग कि.मी.

६. संकलन/उत्खनन् /प्रशोधन गर्न माग गरेको क्षेत्रको भूउपयोग विवरणः

कार्यपालिकाको मिति २०७६।९।१४ गतेको निर्णयानुसार प्रमाणित

(क) गाउँबस्तीः

(ख) वनः

(ग) खोला, नाला, पुल, बाटो, सार्वजनिक स्थल आदिः

(घ) जग्गाको किसिमः आवादी/पर्ती/सरकारी/सार्वजनिकः

(ङ) संकलन/उत्खनन् /प्रशोधन गर्न माग गरेको क्षेत्रभित्र पहिले संकलन/उत्खनन् /प्रशोधन भएको वा भैरहेको छ/छैनः

(च) संकलन/उत्खनन्/प्रशोधन/ ओसार पसार तथा बिक्री वितरण गर्न माग गरेको क्षेत्र नजिक खोज तलास वा खानी क्षेत्र भएमा सोको विवरणः

७. संकलन/उत्खनन्/प्रशोधन/ ओसार प्रसार तथा बिक्री वितरण गर्न माग गरेको क्षेत्रमा संलग्न हुने प्राविधिक कर्मचारीको व्यवस्थाः

८. आफै भएः

(क) व्यवसायिक योग्यता र तालिमः

(ख) अनुभवः

९. अन्य भए

(क) नाम र ठेगानाः

(ख) व्यवसायिक योग्यता र तालिमः

(ग) अनुभवः

<u>निवेदकको</u>

दस्तखतः

नाम, थरः

बाबुको नामः

बाजेको नामः

ना.प्र.प.नं. ..............................., मितिः............................................., जिल्ला..................

**संलग्न कागजातहरू:**

(क) निवेदन

(ख)प्राविधिक क्षमता देखिने स्पष्ट आधारहरू खुलाउने प्रमाण कागजातहरू

(ग) आर्थिक हैसियत देखिने प्रमाण कागजातहरू

(घ) निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि, कम्पनी वा संस्था भए सो को दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ङ) प्रबन्धपत्र तथा नियमावली, सञ्चालक समितिको निर्णय रकर कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

(च) निजी जग्गामा खानी सञ्चालन गर्ने भए जग्गाको स्वामित्व खुलेको प्रमाणपत्रको प्रतिलिपि

(छ) अर्कैको जग्गा लिज, करारमा लिइ खानी सञ्चालन गर्ने भए त्यस्तो लिज वा करार सम्झौताको प्रतिलिपि

(ज) खानी सञ्चालन गरिने जग्गाको ब्लु प्रिन्ट तथा ट्रेस नक्सा

(झ) वक्तिको हकमा २ प्रति फोटो

(ञ) नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने राजस्व तिरेको प्रमाणपत्रको प्रतिलिपि

(ट) वडाको सिफारिश